# तीनपाटन गाउँपालिकाको आ.व.०७८/७९ को

# नीति तथा कार्यक्रम

## तीनपाटन गाउँपालिका

## लाम्पन्टार, सिन्धुली

प्रस्तुतकर्ताः पदममाया तामाङ
उपाध्यक्ष
तीनपाटन गाउँपालिका

२०७८ असार १० गते बिहिबार

सभाध्यक्ष महोदय,

प्रमुख अतिथि बागमती प्रदेश सभा सदस्य ज्यू, यस गाउँ सभाका सदस्य महानुभावहरु, कर्मचारी मित्रहरु, पत्रकार मित्रहरु, सुरक्षाकर्मी साथीहरु र अन्य सहभागी महानुभावहरु ।

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को प्रावधान अनुसार तीनपाटन गाउँपालिकाको यस गाउँ सभामा आर्थिक वर्ष ०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गरि रहँदा हामी सबैलाई खुसी लागि रहेको छ । यस अवसरमा अधिकार प्राप्तिको विभिन्न आन्दोलनका ज्ञात अज्ञात शहिदहरु प्रति श्रद्धाञ्जली अर्पण गर्दछु । तीनपाटन गाउँपालिकाको विकास निर्माण तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउनका लागि भुमिका निर्वाह गर्नु हुने यस गाउँपालिकाका नागरिकहरु संघीय प्रतिनिधिसभा र प्रदेश सभाका माननीय सांसद ज्यूहरु, अध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु र गाउँ सभा सदस्य ज्यूहरु कर्मचारी तथा उपस्थित महानुभाव ज्यूहरुमा सम्मान प्रकट गर्दछु ।

स्थानीय सरकारको अभ्यासमा हामी निर्वाचित भएर आइसके पछिको कार्यकाल यसै आर्थिक वर्षबाट पूरा हुँदैछ । यस अवधिमा स्थानीय सरकार व्यवस्थित रुपमा सञ्चालन हुन थालेको आभाष नागरिकहरुले गर्न थाल्नु भएको छ भन्ने विश्वास लिएका छौं । नागरिकहरुका असीमित अवश्यकताहरुलाई पूरा गर्ने श्रोत साधानहरु सीमित थिए । यसै बीचमा हामीले विश्वव्यापी कोभिड-१९ को महामारी पनि भोग्नु पर्‍यो । त्यसैले नागरिकहरुका सबै आकांक्षाहरु सम्बोधन गर्न नसके पनि यस अवधिमा हामीले धेरै महत्वपूर्ण उपलब्धिहरु हाँसिल गरेका छौं । त्यस मध्ये केही विवरणहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

यस अवधिमा उज्यालो तीनपाटन अभियान अन्तर्गत गाउँपालिकाका सबै घर धुरीमा विद्युत सेवा पुर्‍याउने कार्य अन्तिम चरणमा पुगेको छ । अधिकांश वडाका वडा कार्यलयहरु निर्माणको अन्तिम चरणमा छ । गाउँपालिकाको प्रशासनिक भवन निर्माण कार्य सम्पन्न हुने चरणमा छ । प्रत्येक वडा कार्यालयहरु सडक सञ्जालमा जोडिएका छन् । खानेपानीका योजनाहरुबाट गाउँपालिकाका प्रायः जसो सबै नागरिकहरु लाभान्वित भएका छन् । गाउँपालिका भित्र लाम्पनटारमा प्राथमिक स्वास्थ्य केन्द्रको सुविधा सम्पन्न भवन निर्माण भई सेवा प्रवाह भई सकेको छ भने बेलघारीमा प्रथामिक स्वास्थ्य केन्द्र भवन निर्माण सम्पन्न हुने क्रममा छ । सबै वडाहरुमा आधारभूत स्वास्थ्य सेवाका लागि स्वास्थ्य केन्द्रहरु निर्माण भइसकेका छन् । सेती पहिरो र चदाहा नदी नियन्त्रणको कार्य निरन्तर रुपमा चलिरहेको छ । अधिकांश वडामा महिला भवनहरु, गुम्बाहरु, मन्दिरहरु र खेलमैदानहरु निर्माण भइसकेका छन् । अधिकांश विद्यालयहरुमा पक्की भवनहरु निर्माण भइसकेका छन् । ढुङ्ग्रेगढी, इच्छाश्वरी, जाम्बावती गुफा, सर्वसिद्देश्वर गुफा जस्ता पर्यटकीय क्षेत्रको विकास र प्रवर्द्धन कार्य निरन्तर चलिरहेका छन् । कृषि समूह, सहकारी र फर्महरुको सङ्ख्या उल्लेख्य रुपमा बढेको छ । कृषि यन्त्र, मल बिउ, नश्ल सुधार, कृषि र पशुपंक्षी फर्महरुमा दिइएको



पदममायाँ तामाङ
उपाध्यक्ष

अनुदानले उत्पादनमा वृद्धि हुने अपेक्षा गरिएको छ । निःशुल्क गर्भवती जाँच, स्वास्थ्य संस्थामा सुत्केरी हुन जानको लागि निःशुल्क एम्बुलेन्सको व्यवस्था रहेको छ । गाउँपालिका भित्रका मुख्य मुख्य सडकहरुको डिपिआर तयार गरी निर्माण कार्य तीव्र गतिमा अघि बढेको छ । प्राविधिक शिक्षा छात्रवृत्ति इन्टर्नसिप तथा उद्यमशीलता कार्यक्रमहरु सञ्चालनमा छन् । कृषि उत्पादनलाई बजार सम्म पुऱ्याउन यसै वर्ष देखि गाडीको समेत व्यवस्था गरिएको छ । बालबालिका तथा किशोर किशोरीमैत्री कार्यकमहरु सञ्चालनमा छन् । ज्येष्ठ नागरिकहरुको सम्मान स्वास्थ्य परीक्षण लगाएतका कार्यहरु सञ्चालन गरिएका छन् ।

सभाध्यक्ष महोदय,

विकास जनताको अधिकार हो । जनताको आवश्यकता र मागअनुसारका विकास योजनाहरु जनताकै सहभागितामा कार्यन्वयन गरी जनतालाई अधिकतम लाभ दिलाउनु हाम्रो उद्देश्य हुनुपर्छ । ***कृषि, पर्यटन, पूर्वाधार र रोजगारः सुन्दर तीनपाटन गाउँपालिका समृद्धिको आधार***भन्ने मुल नारालाई व्यवहारिक रुपमा उतार्न यस आ.व. ०७८/७९ को नीति तथा कार्यक्रम केन्द्रीत हुनेछ ।

## क्षेत्रगत विकासका मुख्य मुख्य नीतिहरुः

आदरणीय उपस्थित सदस्य महानुभावहरु,

लोकतान्त्रिक मूल्य तथा मान्यतालाई आत्मसाथ गरी स्थानीय जनसहभागितामा योजना छनौट तथा योजनाका कार्यन्वयनलाई आधार मानी जनताको जीवनस्तरमा सुधार ल्याउने कृषि, पर्यटन, पूर्वाधार विकास, रोजगारी सृजना, श्रमको सम्मान र सुरक्षा, महिला, ज्येष्ठ नागरिक, विपन्न वर्ग, बालबालिकाको सशक्तिकरण हित र सुरक्षामा जोड दिँदै स्थानीय स्तरमा सरकारको उपस्थितिको अनुभूति दिलाउने तथा समाजवादउन्मूख अर्थव्यवस्थाको आधार तयार गर्ने उद्देश्यका साथ आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तय गरिएको छ ।

### पूर्वाधारः

- वडा स्तरबाट प्रस्ताव भई आएका र अन्य आवश्यक सडक, विद्युत, सिचाई, खानेपानी, तटबन्धन, भवन निर्माण लगाएतका भौतिक पूर्वाधार योजनाहरु बजेटको सीमा र परिधि भित्र रही प्राथमिकताको आधारमा निर्माण र सञ्चालनलाई निरन्तरता दिइने छ ।
- पुर्वाधार निर्माणमा अधिकतम श्रम परिचालन गरी विपन्न वर्ग र स्थानीय उपभोक्ताहरुमा व्यापक मात्रामा रोजगारी सृजना गरिने छ ।
- आगामी पाँच वर्षभित्रमा गाउँपालिका भित्रका सबै सडकहरुमा पक्की ड्रेन बनाई सक्ने गरी कार्यक्रम सुरु गरिने छ ।

पद्ममायाँ तामाङ
उपाध्यक्ष

- पूर्वाधार आयोजना सम्पन्न गर्न उपभोक्ता, निर्माण व्यवसायी, कामदार, प्राविधिक तथा अन्य सरोकारवालाई आवश्यक तालिम तथा अभिमूखीकरण कार्यक्रमको व्यवस्था गरिने छ ।
- जनताले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा अधिकतम लाभ लिन सक्ने जनताको अधिकतम जनसहभागिता जुट्ने, जनताले अपनत्व बोध गर्ने सुशासन र पारदर्शिता सुनिश्चित हुने कृषि, उद्योग, पर्यटन र प्रत्यक्ष लाभ लिन सक्ने रोजगारीको अवसरहरु वृद्धि हुने योजनाहरुलाई तीनपाटनको गौरवको योजना घोषणा गरी कार्यन्वयन गरिने छ ।
- सार्वजनिक पूर्वाधार निर्माणमा अधिकतम श्रमको अवसर सृजना गरिने.छ । श्रमलाई सम्मान गरिने छ ।
- तीनपाटन गाउँपालिका भित्रका शाखा सडकहरुमा भवन निर्माण गर्दा पूर्वाधार ऐनमा व्यवस्था भएबमोजिम गरिने छ ।
- यसै आर्थिक वर्ष भरीमा गाउँपालिकाका सबै घरहरुमा विद्युत सेवा पुऱ्याइसक्ने गरी कार्य गरिने छ ।
- आगामी पाँच वर्ष भित्रमा गाउँपालिका भित्रका सबै सिँचाई कुलोहरु पक्की बनाइसक्ने गरी कार्य प्रारम्भ गरिने छ । सिँचाई अभाव भएका खेतीयोग्य जमिनहरुमा लिफ्ट सिँचाई, सिँचाई पोखरी निर्माण, आकाशे पानी सङ्कलन, थोपा सिँचाई जस्ता तरिकाहरु प्रयोग गरी सिँचाई गर्ने व्यवस्था गरिने छ ।
- यसै वर्षभरिमा गाउँपालिकाका सबै नागरिकहरुलाई खानेपानीको सूविधा पुऱ्याइसक्ने गरी कार्य गरिने छ । आगामी पाँच वर्ष भित्र गाउँपालिकाका सघन बस्ती भएका गाउँहरु र बजार क्षेत्रमा एक घर एक धारा हुने गरी कार्य गरिने छ ।
- आगामी पाँच वर्ष भित्रमा सिन्धुली चकमके हुँदै कटारी जोड्ने सडकको यस गाउँपालिका भित्र पर्ने खण्डमा पक्की सडक बनाउने गरी बजेट व्यवस्थापन गर्न पहल गरिने छ । डकाहा नवलपुर सडकको लागि आगामी पाँच वर्ष भित्र सम्पूर्ण निर्माण कार्य सम्पन्न गर्ने गरी बजेट व्यवस्थापन गर्न पहल गरिने छ ।
- बेलघारी ढुङ्ग्रेफेदी सडक, चकमके सान्दाने हर्राभञ्ज्याङ सडक, जरायोटार सर्वसिद्धेश्वर सडक, तिल्पुङ कालीमाटी मध्यपहाडी सडक, बाङ्गरिङ डाँडा आम्बोटे सडक लगाएतका गाउँपालिका भित्रका रणनीतिक सडकहरु निरन्तर स्तरोन्नति गर्दै लगिनेछ ।
- गाउँपालिका भित्रका थप रणनीतिक सडकहरुको पहिचान गरी योजनावद्ध ढङ्गबाट कार्य गर्न रणनीतिक सडकहरुको घोषणा गरि कार्य गरिने छ ।
- आगामी दुई वर्ष भित्रमा गाउँपालिकाका सबै क्षेत्रमा नेपाल टेलिकमको टेलिफोन सेवा पुग्ने गरी आवश्यक पहल गरिने छ ।
- आगामी पाँच वर्ष भित्रमा सबै विद्यालयहरुमा पक्की भवनहरु निर्माण गरी सक्ने गरी आवश्यक पहल गरिने छ ।



पदममायाँ तामाङ
उपाध्यक्ष

- नदी कटान, पहिरोबाट जोखिममा रहेका बस्तीहरु, खेतीयोग्य जमिनहरु, पर्यटकीय स्थलहरुको संरक्षण गर्ने गरी कार्य गरिने छ ।
- विगतका समयमा परम्परागत रुपमा सञ्चालनमा रहेर बन्द भएका फलाम तथा अन्य खानीहरुको अध्ययन अनुसन्धानको लागि आवश्यक पहल गरिने छ ।

**शिक्षा:**

- श्रोत अभावको समस्या झेलेका विद्यालय सञ्चालनको लागि अनुदान दिइनेछ ।
- न्यून दरबन्दि भएका विद्यालयहरुमा कार्यरत निजी शिक्षकहरुको पारिश्रमिकको लागि एकमुष्ठ अनुदान दिइनेछ ।
- थप बालविकास कक्षा सञ्चालनका लागि सम्भाव्यता र आवश्यकता अध्ययन गरी आवश्यक विद्यालय तथा बस्तीहरुमा बालविकास कक्षा थप गरिने छ ।
- शिक्षक विद्यार्थी अनुपात न्युनतम दरबन्दी भौगोलिक अवस्था आदिका आधारमा विद्यालयहरुका दरबन्दी मिलान गरिने छ ।
- शैक्षिक गुणस्तर सुधार गर्न विद्यालयमा सुविधाहरु वृद्धि गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- विद्यालयका भौतिक पूर्वाधारहरु निर्माण गर्न आवश्यक पहल गरिने छ ।
- शिक्षणमा नविनतम प्रयोग र सिर्जनशीलताको उपयोग गरी विद्यार्थी, विद्यालय र समाजलाई सकारात्मक परिवर्तनको अनुभूति गराउन प्रयत्न गर्ने शिक्षकहरुलाई प्रोत्साहित गर्न सिर्जनशील शिक्षक इन्सेन्टिभ कार्यक्रम सञ्चालन गरिने छ ।
- सबै विद्यालयहरुमा इन्टरनेटको व्यवस्था गरिने छ ।
- वैकल्पिक शिक्षण विधिलाई प्रयोग गरी शिक्षण गर्न प्रोत्साहित गरिने छ ।
- शिक्षण सिकाईमा नवीन प्रयोग र सिर्जनशीलता मार्फत शैक्षिक गुणस्तर उल्लेख्य सुधार गरी परिवर्तनको नेतृत्वदायी भूमिका निर्वाहा गर्ने विद्यालयलाई पुरस्कृत गरिने छ ।
- उपाध्यक्ष विद्यार्थी इन्टर्नशीप कार्यक्रम र उपाध्यक्ष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- विद्यालयहरुमा प्राविधिक कक्षा सञ्चालनका लागि प्रोत्साहित गरिने छ ।
- विद्यालय शिक्षा पूरा गरेका क्याम्पसमा अध्ययनरत र अध्ययन पुरा गरेका विद्यार्थीहरुको समय सीप क्षमतालाई तीनपाटनको विकासका लागि प्रयोग गर्न आवश्यक व्यवस्था गरिने छ ।

**स्वास्थ्य:**

- विश्वव्यापी माहामारीको रुपमा फैलिएको कोभिड-१९ को नियन्त्रण र रोकथाम र त्यसबाट उत्पन्न हुने परिस्थितिको सामना गर्न आवश्यक कार्यक्रम, भौतिक

पद्ममायाँ तामाङ
उपाध्यक्ष

व्यवस्थापन, पूर्व तयारी, सावधानीको लागि सबै प्रयासहरु गरिने छ र यसको लागि पर्याप्त बजेटको व्यवस्था गरिने छ ।

- स्वास्थ्य संस्थाहरुमा पुग्न दुरी टाढा भएका गाउँहरुमा आवश्यकताअनुसार सामुदायिक स्वास्थ्य इकाईको व्यवस्था गरी स्वास्थ्य जनशक्ति र औषधीको व्यवस्था गरिने छ ।
- स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य जनशक्ति औषधी उपकरणहरुको व्यवस्थालाई थप मजबुद बनाइँदै लगिने छ ।
- दुर्घटना, माहामारी, विपन्न आर्थिक अवस्था भएका बिरामीहरुको लागि स्वास्थ्य उपचार र राहतको लागि आवश्यक व्यवस्था मिलाईने छ ।
- आयुर्वेद केन्द्रबाट प्रवाह हुने उपचार सेवालाई थप प्रभावकारी बनाइने छ ।
- स्वास्थ्य संस्थामा सुत्केरी हुन आउने महिलालाई दिइँदै आएको प्रोत्साहन रकमलाई निरन्तरता दिइने छ ।
- स्वास्थ्य संस्थामा सुत्केरी हुन जानका लागि दिइँदै आएको यातायात खर्चलाई निरन्तरता दिइने छ ।
- तीनपाटन गाउँपालिका भित्र रहेका जडिबुटिहरुको खोज अनुसन्धान गरी प्रयोगमा ल्याउन पहल गरिने छ र जडिबुटि खेतीलाई प्रोत्साहित गरिने छ ।
- युवा किशोर किशोरीहरुको यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धि सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।
- मदिरा, सुर्तिजन्य पदार्थको सेवनलाई नियन्त्रण गर्न आवश्यक कार्यहरु गरिने छ ।
- पूर्ण सरसफाई सम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ ।
- ज्येष्ठ नागरिकलाई आफ्नै घर वा टोलमा आवधिक रुपमा स्वास्थ्य जाँचको व्यवस्था मिलाइने छ ।
- प्रत्येक स्वास्थ्य केन्द्रमा वर्थिङ सेन्टरको व्यवस्था मिलाइने छ ।

**कृषि तथा पशुपंक्षीः**

- कृषि तथा पशुपंक्षी पालनलाई आधुनीकिकरण र व्यावसायिकीकरण गर्न निरन्तर सञ्चालनमा रहेका फर्महरु, पकेट क्षेत्र, जोन, सुपरजोन, ब्लकहरु रहेको ठाउँहरुमा सडक, सिचाई, खानेपानी, थ्री फेज विद्युत लाइन लगाएतका भौतिक पूर्वाधारको व्यवस्था गरिने छ ।
- सामूहिक खेती र पशुपालन, कृषि र पशुपालनमा अत्याधुनिक प्रविधिको प्रयोग अध्ययन अनुसन्धानलाई प्रोत्साहित गर्न लागत साझेदारी तथा अनुदानको व्यवस्थापन मिलाइने छ ।
- साना किसानहरुलाई कृषि समूह तथा सहकारीहरुमा संगठित गरी अनुदानमा मल, बीउबिजन, कृषि यन्त्र उपकरण, गोठ खोर तथा भकारो सुधार, उन्नत नश्लका पशुहरु, कृषि विषादी तथा पशु औषधीहरुमा अनुदानको व्यवस्था मिलाईने छ ।



पदममायाँ तामाङ
उपाध्यक्ष

- फर्महरुलाई उत्पादान वृद्धिलाई प्रोत्साहन गर्न उत्पादन तथा बिक्रीमा आधारित अनुदानको व्यवस्था मिलाईने छ ।
- कृषि तथा पशुपंक्षी बिक्रीको लागि गाउँपालिकाले बजारको सुनिश्चितता हुने गरी कार्यक्रमहरु गर्ने छ ।
- कृषि उत्पादनलाई बजारसम्म लैजान यसै वर्षबाट ढुवानीको साधनको व्यवस्था गरिने छ ।

**पर्यटन तथा संस्कृति:**

- सम्भावित पर्यटकीय स्थलहरुको सम्भाव्यता अध्ययन गरिने छ र आवश्यक बजेट विनियोजन गरिने छ ।
- सर्वसिद्धेश्वर गुफा, इच्छाश्वरी महादेव गुफा, साँडेखोप मन्दिर, बैङ्कटेश्वर मन्दिर, गुराँसे थुम्का, जम्बावती गुफा, ऐतिहासिक ढुङ्ग्रेगढी, पाटनदेवी, छरछरे डाँडा, कोल डाँडा जस्ता पर्यटकीय क्षेत्रको संरक्षण, प्रवर्द्धन र विकास गरिने छ।
- वडा नं. ०८ को खोरभञ्ज्याङमा निर्माणाधीन अवस्थामा रहेको गुम्बालाई यस क्षेत्रको बौद्ध धर्मको प्रमुख धार्मिक स्थलको रुपमा विकास गर्न गुरुयोजना तर्जुमा गरी प्रदेश तथा संघीय सरकारलाई बजेट विनियोजनका लागि अनुरोध र पहल गरिने छ ।
- नेपाल राष्ट्रको निर्माण, राजनीतिक परिवर्तन, अधिकार प्राप्तिको आन्दोलनमा योगदान, नेतृत्व, जीवन उत्सर्ग गर्ने व्यक्तित्वहरुको योगदानलाई चीरकालसम्म स्मरण गर्नका लागि स्मृति पार्क निर्माण गरिने छ ।
- धार्मिक तथा सांस्कृतिक महत्वका मठ, मन्दिर, गुम्बा, घाट, भेषभुषा, रीतिरिवाज, परम्पराको खोजी संरक्षण र प्रवर्द्धन गरिने छ ।
- गाउँपालिका भित्रका विभिन्न जातजाति र समुदायका मानिसहरुले बोल्ने मातृभाषाहरुको संरक्षण र विकास गर्ने नीति लिइने छ ।
- परम्परादेखि मानिआएका धर्मसंस्कृतिका राम्रा पक्षहरुको संरक्षण प्रवर्द्धन गर्दै समाजको मौलिक पहिचान कायम राखिने छ ।
- परम्परागत रुपमा प्रयोगमा रहेका उपचार पद्धतिहरु, विश्वासहरु, मूल्य मान्यताहरु, प्रचलनहरुका वैज्ञानिक पक्षको पहिचान गरी सकारात्मक प्रभाव हुने कुराहरुको संरक्षण गरिने छ ।

**आर्थिक विकास:**

- गाउँपालिकाको आन्तरिक स्रोतलाई बलियो बनाउन राजश्व प्राप्तिका क्षेत्रहरु पहिचान गरी राजश्वको दायराहरु बढाइने छ ।
- समाजवादी अर्थतन्त्रको आधार तयार गर्नको लागि सामूहिक उत्पादन प्रणालीलाई प्रोत्साहित गरिने छ ।

पदममायाँ तामाङ
उपाध्यक्ष

- परम्परागत ज्ञान सीप, पेशाहरुको संरक्षण, आधुनिकीकरण र व्यवसायिकीकरण गरिने छ ।
- उत्पादनमूलक व्यवसाय गर्न चाहने हरुको लागि अनुकुल हुने गरी पूर्वाधार विकास सहजीकरण प्रशासनिक सरलता लगाएतका सुविधाहरुको व्यवस्था गरिने छ ।
- महिला, युवा, दलित लगाएतका लक्षित समूहका व्यक्तिहरुलाई उद्यमी बनाउन उपाध्यक्ष उद्यमशीलता कोषको व्यवस्थापनलाई प्रभावकारी बनाईने छ ।
- उद्यमशीलता विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- अव्यवस्थित बसोबासको रुपमा रहेका बजार क्षेत्रहरुको लगत सङ्कलन गरी भूमि सम्बन्धी समस्या समाधान आयोगमार्फत भूमिको व्यवस्थापन व्यवसायीहरुको हितमा हुने गरी आवश्यक पहल लिइने छ ।
- स्वच्छ, पारदर्शी, प्रतिस्पर्धी र नैतिक व्यवसायिक अभ्यासमार्फत उपभोक्ताहरुको हित संरक्षण र व्यवसायिक गतिविधिहरुको विकास गरिने छ ।
- बजार अनुगमनलाई व्यवस्थित र नियमित गरिने छ ।
- सार्वजनिक निर्माण तथा खरिदमा हुने व्यवसायिक प्रतिस्पर्धालाई अवरोध गर्ने परिपाटीलाई निरुत्साहित गरिने छ ।
- सहकारी संस्थाहरुको सञ्चालनलाई व्यवस्थित गर्न यस गाउँपालिका भित्र सञ्चालनमा रहेका सबै किसिमका सहकारीहरुसँग समन्वय, सहकार्यको वातावरण बनाइने छ । सहकारीहरुको नियमनलाई प्रभावकारी बनाइने छ । कृषि, लघुउद्यम, महिला सहकारी संस्थाहरुलाई अनुदान दिने नीति लिइने छ । सहकारीमार्फत सुपथ मूल्य पसल सञ्चालन गर्न प्रोत्साहित गरिने छ । सहकारीको क्षमता विकासका लागि कार्यक्रमहरु गरिने छ ।
- कृषि समूहहरु सञ्चालनका लागि क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- हाटबजारहरुलाई व्यवस्थित गरिने छ ।
- दलितको परम्परागत व्यवसाय र सीपलाई संरक्षण गरिने छ ।
- बेरोजगारहरुलाई सूचीकरण गरी रोजगारीका अवसरहरु प्रदान गर्न गाउँपालिकाको रोजगार शाखाको भूमिकालाई प्रभावकारी बनाइने छ ।
- स्थानीय कच्चा पदार्थ श्रम र सीपको उपयोग हुने गरी उत्पादनमूलक व्यवसायहरु स्थापना र सञ्चालन गर्न सहयोग गरिने छ ।
- सबै तहका सरकारहरुबाट यूवा, महिला, दलित लगाएतका सबै लक्षित वर्गको आर्थिक विकासका लागि ल्याइएका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक सहयोग गरिने छ ।

**युवा तथा खेलकुदः**

पद्ममायाँ तामाङ
उपाध्यक्ष

- निर्माणाधीन खेल मैदानहरुको निर्माण कार्य सम्पन्न गरिने छ । आवश्यकताअनुसार खेल मैदान निर्माण गरिने छ । गाउँपालिकास्तरीय रंगशाला र कभर्ड हल निर्माणको लागि केन्द्र र प्रदेश सरकारसँग बजेटको लागि पहल गरिने छ ।
- विभिन्न किसिमका खेलकुद प्रतियोगिताहरु आयोजना गरिने छ । विद्यालयस्तरीय खेलकुद प्रतियोगिताहरुलाई निरन्तरता दिइने छ । खेलाडीहरुको प्रतिस्पर्धात्मक क्षमता विकास गर्न तालिमहरुको आयोजना गरिने छ । खेलकुदलाई स्वास्थ्य, अनुशासन, सामाजिक एकताको आधारको रुपमा विकास गरिने छ ।
- स्काउटमार्फत विद्यालय तथा युवाको चाहना अनुसार विभिन्न खेलकुद, मानोरञ्ज र सुरक्षाका कार्यक्रमहरु गरिने छ ।

**वन तथा वातावरण:**

- पर्यावरण संरक्षणको लागि वन क्षेत्रहरुको संरक्षणको लागि सामूदायिक वन समूह स्थानीय समूदायसँग सहकार्य गरिने छ ।
- वन पैदावरहरुको वैधानिक उपयोगको लागि स्थानीय उपभोक्ता, आन्तरिक खपतलाई पर्याप्त भएमा मात्र बाहिर निकासी गर्ने गरी व्यवस्था मिलाउन आवश्यक पहल गरिने छ ।
- गैरकाष्ठ वन पैदावरहरुको वैज्ञानिक र वैधानिक प्रावधानभित्र रही स्थानीय जनताहरुलाई वन मार्फत जिविकोपार्जन गर्न सक्ने अवस्थाको अध्ययन गरी कार्यक्रमहरु गरिने छ । धार्मिक, सांस्कृतिक महत्व र संवेदनशीलता बोकेका वनजङ्गल, नदी, खोलाहरुको त्यही मान्यताअनुसार संरक्षण गरिने छ ।
- अनियन्त्रित रुपमा बढिरहेका नदी उत्खनन्, अतिक्रमणलाई नियन्त्रण गर्न कार्ययोजना बनाई कार्यान्वयन गरिने छ ।
- यस गाउँपालिकाको महाभारत क्षेत्र नदी तथा खोलाहरुको जलाधार क्षेत्र भएकाले यस क्षेत्र भित्र बसोबास गर्ने बासिन्दाहरुको हित हुने गरी महाभारत क्षेत्रलाई संरक्षण क्षेत्रको रुपमा विकास गर्न संघीय सरकारलाई अनुरोध गरिने छ ।
- बस्ती तथा बजार क्षेत्रबाट उत्पादन हुने फोहोरमैला व्यवस्थापनका लागि कार्यक्रमहरु ल्याइने छ ।
- भू-संरक्षण गर्न तथा हरियाली तीनपाटन बनाउन वृक्षारोपण सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक:**

- महिला अधिकारको रक्षा गरिने छ । लैङ्गिक समानताका लागि कार्यक्रमहरु गरिने छ । मातृ शिशु स्वास्थ्य तथा प्रजनन स्वास्थ्यको लागि कार्यक्रमहरु गरिने छ । एकल

पदममायाँ तामाङ
उपाध्यक्ष

महिला, विपन्न महिला तथा दलित महिलाहरुका लागि आयआर्जनका कार्यक्रमहरु गरिनेछ ।

- महिलामाथि हुने सबै किसिमका हिंसा र दुर्व्यवहारहरुलाई नियन्त्रण गरिनेछ ।
- महिलाहरुलाई राजनीतिक, सामाजिक, रोजगारी का क्षेत्रहरुमा उल्लेख्य सहभागिताको वातावरण तयार गरिने छ ।
- बालअधिकारको संरक्षण गरिनेछ । बालबालिका तथा किशोर किशोरी मैत्री कार्यक्रमहरु गरिनेछ । बाल क्लवहरुको क्षमता अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ । विभिन्न क्षेत्रमा बालबालिकाहरुको पहुँच अभिवृद्धि गरिने छ ।
- बालबालिकाहरुप्रति हुने दुर्व्यवहार, शोषण, हिंसा र बालविवाहलाई नियन्त्रण गर्न विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ ।
- ज्येष्ठ नागरिकहरुले समाज र समुदायलाई पुऱ्याउनु भएको दीर्घकालिन योगदानको सम्मान गरिने छ ।
- ज्येष्ठ नागरिकहरुको स्वास्थ्य उपचार, सहज जीवनयापन, सेवा सूविधाहरुको उपभोगको लागि सहयोग हुने कार्यक्रमहरु ल्याइनेछ ।
- यस गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गर्न आवश्यक तयारीका कार्यक्रमहरु गरिनेछ ।
- आगामी आ.व.देखि सामाजिक सुरक्षा भत्ता बैङ्किङ प्रणालीबाट भुक्तानी गर्न सुरुवात गरिनेछ ।

**<u>संस्थागत विकास र सुशासन</u>**

- गाउँपालिकालाई स्थानीय सरकारको रुपमा अघि बढाउन कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकालाई संस्थागत रुपले सुदृढ बनाइनेछ । पालिका तथा वडाबाट हुने हरेक निर्णयहरुलाई संस्थागत गर्दै लगिनेछ । विकास निर्माण तथा सेवा प्रवाहलाई प्रभावकारी रुपमा अघि बढाई जनताको आर्थिक, सामाजिक विकासलाई सुनिश्चित गरिनेछ ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम निर्धारित काम, कर्तव्य र अधिकार बमोजिम जनप्रतिनिधिहरुलाई जिम्मेवार बनाइनेछ । जनप्रतिनिधिहरुलाई नीति, योजना, कार्यक्रम तथा बजेट तर्जुमा र सो को कार्यान्वयनमा अभिमुख गराउन प्रेरणादायी भुमिका निर्वाहमा जोड दिइनेछ ।
- पालिकाका हरेक शाखा र वडामा कार्यरत कर्मचारीहरुको काम, कर्तव्य र अधिकार सहितको कार्यविवरण तयार गरी लागु गरिनेछ । कार्य सम्पादनलाई प्रभावकारी

पदममायाँ तामाङ
उपाध्यक्ष

रुपमा अघि बढाउने सन्दर्भमा हरेक शाखामा रहेका कर्मचारीलाई आ-आफ्नो जिम्मेवारी पुरा गर्न अनुकुल वातावरण सिर्जना गरिनेछ ।

- उत्कृष्ट काम गर्ने जनप्रतिनिधि, उपभोक्ता समिति, कर्मचारी, शिक्षकलाई पुरस्कृत गरिनेछ ।कार्य सम्पादनमा कमजोर रहनेलाई दण्ड सजायको भागिदार बनाइनेछ ।
- सदाचार सँस्कृति निर्माण गर्न पालिका तथा वडाहरुबाट प्रदान गरिने सेवा तथा विकास निर्माणका काममा अनिवार्य रुपमा सार्वजनिक सुनुवाई र सार्वजनिक लेखापरीक्षण गरिनेछ।
- वडा कार्यालयको सञ्चालन तथा व्यवस्थापन गर्न प्रदान गर्दै आएको चालु खर्चलाई निरन्तरता दिइएको छ।
- विकास निर्माणको काम र सेवा प्रवाहलाई प्रभावकारी बनाउन प्रश्न गर्न सक्ने र जिम्मेवार नागरिक तयार गर्न नागरिक शिक्षामा जोड दिइनेछ ।
- पालिका भित्र कार्य गर्न आउने गै.स.स.को कार्यमा दोहोरोपन नहुने गरी पालिकाले निर्धारण गरेको क्षेत्रमा अनुमति लिएर मात्र काम कारबाही अगाडि बढाउने व्यवस्था मिलाइनेछ । गै.स.स.सँग साझेदारीमा गरिने कार्यक्रमहरु समपूरक कोष खडा गरी निरन्तरता दिइनेछ ।
- गै.स.स.हरुको कार्यमा दोहोरोपना आउन नदिन प्रभावकारी समन्वय र अनुगमन गरिनेछ।
- यस गाउँपालिका केन्द्र र वडाहरुमा कार्यरत करार र अस्थायी कर्मचारीहरुको करार अवधि आ.व. ०७८/७९ सम्मका लागि थप गरिएको छ।
- यस गाउँपालिका अन्तर्गत कार्यरत महिला स्वास्थ्य स्वयम् सेविका, विद्यालय कर्मचारी तथा कार्यालय सहयोगी, बाल विकास सहजकर्ता, स्वास्थ्यकर्मी तथा कार्यालय सहयोगी, गाउँपालिका तथा वडाका प्राविधिक र प्रशासनिक कर्मचारीहरुको तलब बृद्धि संघ र प्रदेश सरकारले तोके बमोजिम हुनेछ । तलब बृद्धि गर्दा न्यूनतम तलब मानभन्दा बढि हुने छैन ।
- सशर्त बजेट अन्तर्गत रिक्त दरबन्दीमा करारमा नियुक्त कर्मचारीलाई नेपाल सरकारको न्यूनतम तलबमान प्रदान गरिनेछ।
- कर्मचारी र जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि गर्न तालिम तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरी कार्यदक्षता बढाइनेछ।
- आगामी दिनमा विद्यालय, स्वास्थ्य, सहकारी संस्था तथा अन्य सरकारी निकायहरुको मूल्यांकन गरी उत्कृष्टलाई सम्मान गर्ने परम्परा बसालिनेछ। यसले वडा तथा कार्यालय/कार्यालय वीच कार्यसम्पादन गर्ने प्रतिस्पर्धा श्रृजना गरी विकासलाई तिव्रता प्रदान गर्नेछ।

पदममायाँ तामाङ
उपाध्यक्ष

- गाउँपालिकामा कार्यरत प्राविधिक तथा प्रशासनिक कर्मचारीहरुलाई कन्टिजेन्सी शिर्षकबाट अतिरिक्त समय काम गरेबापत दिइदै आएको प्रोत्साहन भत्तालाई वास्तविक कर्मचारी पहिचान तथा भत्ता पुनरावलोकन हुने गरी निरन्तरता दिइएको छ ।
- विभिन्न गैर सरकारी संस्थाबाट साझेदारीमा सञ्चालन भएका योजनाहरुलाई निरन्तरता दिइनेछ ।
- योगदानमा आधारित निवृत्तिभरण प्रणालीलाई अवलम्बन गर्ने कार्यविधि तर्जुमा गरी लागु गरिने छ ।
- ज्यालादारीमा कार्यरत श्रमिकहरुलाई सेवा करार सम्झौता गरी काममा लगाइने छ ।

**न्याय सम्पादन:**

- न्यायिक समितिबाट सम्पादन हुने सेवा प्रवाहलाई प्रभावकारी बनाउन विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । मेलमिलाप केन्द्र र मेलमिलापकर्ताहरुको क्षमतालाई अभिवृद्धि गरिनेछ ।
- वडामा स्थापना गरिएका मेलमिलाप केन्द्रहरुबाट सहज रुपमा न्याय सम्पादन गर्न मेलमिलाप कर्तालाई प्रोत्साहन गरिनेछ ।

**सुचना प्रविधि तथा सञ्चार**

- विभिन्न वडाहरुमा इन्टरनेटको सुविधालाई प्रभावकारी बनाइनेछ ।
- इन्टरनेटको प्रयोगद्वारा पालिका र वडाहरुको चिठीपत्र, विवरण, तथ्याङ्क, सूचनाको जानकारी आदान-प्रदान गर्ने व्यवस्था मिलाइ इ–गभर्नेन्सको प्रारम्भ गरिनेछ ।
- जनप्रतिनिधि र कर्मचारीलाई सूचना प्रविधि मैत्री वनाउन तालिम सञ्चालन गरिनेछ ।
- वडाका विभिन्न स्थानहरुलाई फ्रि वाईफाई जोन बनाइनेछ ।
- पालिका केन्द्र, वडा कार्यालय तथा बजार क्षेत्रको सुरक्षा व्यवस्थालाई प्रभावकारी बनाउन सि.सि. क्यामरा जडान गरिनेछ

**योजना, कार्यक्रम, बजेट तथा उपभोक्ता समिति**

- आ.व.०७८/७९ मा गाउँपालिकाको आवधिक योजना तयार गरी लागु गरिनेछ । यस आ.व. देखि मध्यकालीन खर्च संरचना तर्जुमा गरी लागु गरिनेछ ।
- समपूरक कोषबाट सञ्चालन हुने कार्यक्रमलाई बहुवर्षिय बजेट विनियोजन गर्ने व्यवस्था मिलाइनेछ । यसले केन्द्र र प्रदेशबाट प्राप्त बजेट फिर्ता हुनबाट रोकिनेछ ।
- उपभोक्ता समितिबाट संचालन हुने योजनाको समयतालिका तयार गरी कार्यन्वयन गरिनेछ । योजनाको लागत, इष्टिमेट, सम्झौता र कार्यादेश यथासम्भव प्रथम चौमासिक अवधिमा गरिनेछ ।
- योजना अनुगमनलाई सहभागितामूलक र सूचकाङ्कमा आधारित बनाइनेछ ।



पदममायाँ तामाङ
उपाध्यक्ष

- उपभोक्ता  समितिलाई विशुद्ध विकास निर्माण तर्फ अभिमुख गराई विकासलाई निष्पक्ष र तटस्थ प्रक्रियाको रुपमा अघि बढाइनेछ ।
- सार्वजिक सुनुवाई र सामाजिक परिक्षणलाई अनिवार्य गरिनेछ ।
- योजना छनौट गरी कुशल बजेट बाँडफाड गर्न बास्तविक सूचकाङ्कहरु निर्धारण गरी जनसङ्ख्या, भूगोल र मानव विकास सूचकाङ्कका आधारमा गाउँपालिकाको बजेटको बाँडफाड गरिनेछ ।
- जनगणनाबाट प्राप्त विवरण बमोजिम गाउँपालिकाको प्रोफाइल अद्यावधिक गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम, लघु उद्यम विकास कार्यक्रम, बहुवर्षिय पोषण कार्यक्रम, सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढिकरण कार्यक्रम, सङ्घीय तथा प्रदेश सरकारको निर्देशन बमोजिम

<u>विपद् व्यवस्थापन</u>

- यस गाउँपालिकाका नागरिकहरुलाई प्राथमिकताका आधारमा कोरोनाको भ्याक्सिन उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।
- विपद्का लागि अत्यावश्यक सामाग्रीहरुलाई तयारी हालतमा राख्ने व्यवस्था मिलाइनेछ ।
- विपत व्यवस्थापन सम्बन्धी आवश्यक कानुनहरु तर्जुमा गरी लागु गरिनेछन् ।
- विपद व्यवस्थापनमा रेडक्रसको भूमिकालाई प्रभावकारी बनाउन लाम्पन्टारमा निर्माणाधीन रेडक्रस भवनलाई विपद् उद्धारमा समेत प्रयोग गर्न आवश्यक पहल गरिनेछ ।

**सभाध्यक्ष महोदय,**

यो नीति तथा कार्यक्रम यस गाउँसभामा पेश भएको छ । गाउँसभाको आगामी छलफलहरुबाट यस अन्तर्गत तर्जुमा हुने कार्यक्रम र बजेटलाई अन्तीम रुप प्रदान गरिनेछ ।

**गाउँसभाका सदस्य महानुभावहरु,**

<u>*विकासमा जनताको अधिकार स्थापित गर्ने*</u> मूल सिद्धान्तअनुसार तयार गरिएको यस नीति तथा कार्यक्रमको कार्यान्वयनले तीनपाटन गाउँपालिकाको समृद्धिको सपनालाई सम्बोधन गर्ने मैले विश्वास लिएकी छु । यसको सफल कार्यान्वयन गरी **"कृषि पर्यटन पूर्वाधार र रोजगारः सुन्दर तीनपाटन गाउँपालिकाको समृद्धिको आधार"** निर्माण गर्नहुन सम्पूर्ण सरोकारवाला पक्षहरुका साथै गाउँपालिकाबासी आमाबुबा दाजुभाई, दिदीबहिनी, शिक्षक, कर्मचारी, बुद्धिजीवि, पत्रकार, सुरक्षाकर्मि लगायत सबैमा हार्दिक अनुरोध गर्दछु ।

पद्ममायाँ तामाङ
उपाध्यक्ष

धन्यवाद !